# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं.: ४६६

मिति: २०८०।५।६

विषय: निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल साउन ३१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : २७

आज मिति २०८० साल साउन ३१ गते बुधबार दिनको ३:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | का.वा.सदस्य (वडा नं. ६) | श्री लालकृष्ण तिमल्सिना | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | अनुपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |
| २६ | वडा सदस्य (वडा नं. १३) | श्री राजुप्रसाद श्रेष्ठ | उपस्थित |

छलफलका विषयहरुः

१. ठेक्का प्रक्रियाबाट सञ्चालन हुने योजनाहरु २०८० साल कातिक मसान्त भित्रमा ठेक्का संझौता गरिसक्नु पर्ने संघीय मन्त्रालयको परिपत्र सम्बन्धमा,

२. सभा सञ्चालनका विधि र प्रक्रिया बारे अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने सम्बन्धमा,

३. कर्मचारीसँग सम्बन्धित

क) अस्थायी तथा करार सेवामा रहेका कर्मचारीहरुको म्याद थप सम्बन्धमा,

ख) संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने सम्बन्धमा

ग) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्तर वृद्धिका लागि आवेदन गर्ने कर्मचारीहरुको स्तर वृद्धि,

घ) करार सेवामा रहेका कर्मचारीहरुको पारिश्रमिक समीक्षा,

ङ) करार सेवाका कर्मचारीहरुको पोशाक भत्ता,

४. शिक्षा शाखासँग सम्बन्धित ,

क) विद्यालयमा कक्षा थपका लागि नगर शिक्षा समितिबाट भएको सिफारिस सम्बन्धमा,

ख) विद्यालय समायोजन गर्ने सम्बन्धमा,

ग) विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा,

घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन सम्बन्धमा ।

५. नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा,

६. जिल्ला सहकारी संघ लि., काभ्रेबाट सहकारी विवरण संकलनका लागि सहयोग माग सम्बन्धमा,

७. ड्रोन मार्फत बनेपाका विवरण संकलन सम्बन्धी प्रस्ताव सम्बन्धमा,

८. पुण्यमाता नदीमा हुने बाढीको जोखिम विश्लेषणका लागि पेश भएको प्रस्ताव सम्बन्धमा,

९. बनेपा नगरपालिका क्षेत्रभित्र सडकमा आधारित घर नम्बर प्रदान कार्यका लागि पेश भएको प्रस्ताव सम्बन्धमा,

१०. अपाङ्गता भएका व्यक्तिहरुको प्रतिभा प्रदर्शनी कार्यक्रमका लागि काभ्रे जेसिज बाट सहयोग माग,

११. नेपाल पुलिस स्कूल, साँगाको कर छुट माग निवेदन सम्बन्धमा,

१२. विविध ।

क) श्री पेमा देछालिङ्ग गुम्बाका लागि पूजा सामग्री खरिद सहयोग माग सम्बन्धमा,

ख) नेपाल नगरपालिका संघको भवन निर्माण सहयोग माग सम्बन्धमा,

ग) कोशेली घर निर्माणका लागि घरेलु तथा साना उद्योग कार्यालयबाट जग्गा माग सम्बन्धमा,

घ) वडा नं. ६ का का.स. भाष्कर के.सी.को विदा स्वीकृत गर्ने सम्बन्धमा,

ङ) खुट्टा भाँचिएर उपचार गराएका नगर प्रहरी विकास श्रेष्ठबाट आर्थिक सहयोग माग सम्बन्धमा,

च) आइएमएस अनु मानन्धरको खाजा खर्च माग सम्बन्धमा,

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. चालु आ.व. २०८०।०८१ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का प्रक्रियाद्वारा सम्पादन हुने विकास निर्माणका कामका लागि २०८० साल कातिक मसान्तसम्ममा ठेक्का संझौता सम्पन्न गरिसक्ने गरी कार्ययोजना बनाई काम गर्ने निर्णय गरियो ।

३. बनेपा नगरपालिकामा हाल बहाल रहनु भएका जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि (सभा तथा बैठक सञ्चालन) सम्बन्धी कार्यक्रम मिति २०८० साल भदौ १ र २ गते हिमालयन दृष्य रिसोर्ट, बनेपामा काभ्रे जेसिजको सहकार्यमा आयोजना गर्ने गरी भएको तयारीका सम्बन्धमा छलफल हुँदा उल्लेखित कार्यक्रम सफलता पूर्वक सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

४. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९(२) बमोजिम तह वृद्धिका लागि आवेदन गर्ने तपसिलमा उल्लेखित कर्मचारीहरुको मिति २०८० साल साउन १ गते देखि लागु हुने गरी तह वृद्धि गर्ने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम | क.सं.नं. | स्थायी नियुक्ति मिति | हालको सेवा अवधि | हालको तह | स्तर वृद्धि हुने तह | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सानुमाया देसार | २२८२८९ | २०७४।१२।१ | ५ वर्ष | अ.हे.व. चौथो तह | सि.अ.हे.व. पाँचौ तह | सि.एम.ए. र स्नातक शिक्षा | |
| २ | कुसुम मानन्धर | २२७६९३ | २०७४।११।२१ | ५ वर्ष | अ.हे.व. चौथो तह | सि.अ.हे.व. पाँचौ तह | सि.एम.ए. र प्लस टु | |

५. शैक्षिक सत्र २०८० मा यस नगरभित्रका तपसिलका विद्यालयहरुमा कक्षा थप गर्नका लागि बनेपा नगरपालिकाले बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ को दफा १९ को उपदफा (१) को प्रक्रिया पुरा गरी मिति २०७९ फाल्गुण १४ गतेका दिन बसेको नगर शिक्षा समिति, बनेपाको निर्णय नं. ४ अनुसार सामाजिक विकास समिति सभापति श्री चन्द्र बहादुर खड्काको संयोजकोत्वमा गठित समितिको प्रतिवेदन सहित कक्षा थपका लागि यस समितिमा पेश भएकोले सोही कार्यविधिको दफा १९ को उपदफा (२) अनुसार यसै कार्यविधिको दफा ६ मा तोकिएको शर्तहरुको पालना गर्ने गरी थप कक्षाको लागि आवश्यक खर्च विद्यालयको आफ्नै स्रोतबाट व्यवस्थापन गर्ने शर्तमा निम्न लिखित विद्यालयहरुमा यसै शैक्षिक सत्र २०८० देखि देहाय बमोजिमका कक्षा थप गर्न अनुमतिका लागि बनेपा नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

| क्र.सं. | विद्यालयको नाम | विद्यालको किसिम | हाल सञ्चालित कक्षा | अनुमति प्रदान भएको कक्षा |
|---|---|---|---|---|
| १. | श्री जनज्योति मा.वि., बनेपा-१० | सामुदायिक | १० | ११ |
| २. | श्री नाईटिङ्गेल एकेडेमी, बनेपा-१० | संस्थागत | १० | ११ |
| ३. | श्री भक्तेश्वर आ.वि., बनेपा-६ | सामुदायिक | ८ | ९ |
| ४. | श्री प्रभात आ.वि., बनेपा-३ | सामुदायिक | ८ | ९ |
| ५. | अर्किड इन्टरनेशनल एकेडीमी, बनेपा-८ | संस्थागत | ५ | ६ |

६. श्री गणेशभारती मा.वि., बनेपा-१२ को मिति २०८०।०४।०२ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय र उक्त विद्यालयको च.नं. ०१, मिति २०८०।०४।०२ को प्राप्त पत्र र श्री पञ्चकन्या आवि, बनेपा-१२ को मिति २०८०।०४।०१ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार श्री गणेशभारती मा.वि., बनेपा-१२ मा श्री पञ्चकन्या आ.वि., बनेपा-१२ लाई समायोजन गर्ने भनी निर्णय भई आएकोले श्री गणेशभारती मा.वि., बनेपा-१२ मा श्री पञ्चकन्या आ.वि., बनेपा-१२ लाई उक्त विद्यालयमा रहेको चल सम्पत्ति सहित समायोजन गर्ने र श्री पञ्चकन्या आवि, बनेपा-१२ मा रहेका प्रारम्भिक बाल विकास केन्द्रमा रहेको कोटा र सहयोगी कार्यकर्ता बाहेक समायोजन गर्न नगर शिक्षा समितिबाट मिति २०८० साउन २ गते भएको सिफारिस समेतका आधारमा उल्लेखित दुई विद्यालय समायोजन गरी श्री गणेशभारती मा.वि., बनेपा-१२ कायम गर्ने निर्णय गरियो ।

७. तपसिलमा उल्लेखित विद्यालयले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयनका लागि सिफारिस गरी पठाएका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | काभ्रे बहिरा माध्यामिक विद्यालय, बनेपा | बनेपा-९ | श्री नृपेश वादे | |
| २ | श्री नैमिषारण्य संस्कृत गुरुकुलम् | बनेपा-६ | श्री भैरव के.सी. | |
| ३ | श्री चण्डेश्वरी माध्यामिक विद्यालय | बनेपा-४ | श्री श्यामसुन्दर श्रेष्ठ | |

८. विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली २०७६ बमोजिम देहाय बमोजिम बनेपा नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने र यसै ऐन बमोजिम वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी जानकारी गराउन सबै वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख श्री शान्तिरत्न शाक्य | अध्यक्ष | |
| २ | उपप्रमुख श्री विमला सापकोटा | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाईं | सदस्य | |
| ४ | वडाध्यक्ष श्री शुभलक्ष्मी मानन्धर | सदस्य | |
| ५ | वडाध्यक्ष श्री शिवकुमार थापा | सदस्य | |
| ६ | श्री प्रतिनिधि, , इलाका प्रहरी कार्यालय, बनेपा | सदस्य | |
| ७ | श्री प्रतिनिधि, नेपाल रेडक्रस शोसाइटी, काभ्रे शाखा | सदस्य | |
| ८ | श्री प्रतिनिधि, काभ्रे उद्योग वाणिज्य संघ | सदस्य | |
| ९ | श्री प्रतिनिधि,नेपाल पत्रकार महासंघ, काभ्रे | सदस्य | |
| १० | श्री प्रतिनिधि, शिर मेमोरियल अस्पताल, बनेपा | सदस्य | |
| ११ | श्री शाखा प्रमुख, योजना शाखा , बनेपा नगरपालिका | सदस्य | |
| १२ | श्री शाखा प्रमुख, स्वास्थ्य शाखा , बनेपा नगरपालिका | सदस्य | |
| १३ | श्री विपद् व्यवस्थापन हेर्ने फोकल पर्सन, बनेपा नगरपालिका | सदस्य सचिव | |

९. बनेपा नगरपालिका वडा नं. ८ बाट बनेपा नगरपालिका वडा नं. ११ जाने पुण्यश्वर-ढुङ्गेधारा-वडा कार्यालय मार्गका लागि नगरपालिकाबाट निर्धारण भएको सडक मापदण्ड भित्र परेका भौतिक संरचना हटाउन सम्बन्धित पक्षलाई पन्ध्र दिनको म्याद दिने र सो समय भित्रमा सम्बन्धित पक्षले सार्ने/हटाउने काम नगरेमा नियमानुसार नगरपालिकाले सार्ने/हटाउने व्यवस्था मिलाउने निर्णय गरियो ।